नेपाल खीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 10 Monthly International Edition of Herald of His Coming October 2021

वर्ष २२, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०७८)

साँचो मण्डली

The True Church

By J.C. Ryle (1816-1900 AD)

तपाईं एउटा साँचो मण्डलीको सदस्य हुनुहोस् भन्ने म चाहन्छु । मण्डलीभन्दा बाहिर कतै पनि मुक्ति प्राप्त गर्न सकिँदैन । शनिबार तपाईं कुन चर्च जानुहुन्छ भनेर मैले सोधेको होइन । मैले तपाईं साँचो मण्डलीमा जानुहुन्छ ? भनेर सोधेको हुँ ।

साँचो मण्डली कहाँ छ ? कस्तो छ ? त्यसका चिन्हहरू के-के हुन् ? तपाईंलाई यस्ता धेरै प्रश्नहरू हुन सक्दछन् । तपाईंको ध्यान यतातिर दिनुहोस्, म सबै प्रश्नको उत्तर दिन कोशिस गर्नेछु ।

साँचो मण्डली प्रभु येशूमा भएका सम्पूर्ण विश्वासीहरू मिलेर बनेको हुन्छ । सबै चुनिएकाहरू, स्त्री-पुरुषहरू जो परिवर्तन भएका छन्, तिनीहरूले समूहलाई मण्डली भनिन्छ । साँचो मण्डलीमा सबै सदस्यहरूले समान अंक प्राप्त गर्दछन् । कसैले धेरै वा थोरै होइन "...पश्चाताप गरेर प्रभुपट्टि फर्कुन् र हाम्रा प्रभु येशू खीष्टमाथि विश्वास राख्नू ..." (प्रेरित २० : २१) नयाँ गरी जन्मिएका विश्वासीहरूको समूह मण्डली हो । यस्तो ठाउँमा जीवनको पवित्रता छलफल गरिन्छ । तिनीहरू सबैले पापलाई घृणा गर्दछन् र खीष्टलाई प्रेम गर्दछन् । तिनीहरूले निश्चय नै फरक प्रकारले आराधना गर्दछन् । तिनीहरूको विश्वास एउटै जगमा बसालिएको छ । तिनीहरू सबैजनाको धर्मपुस्तक एउटै छ, त्यसको नाम बाइबल हो । तिनीहरू सबैजना एउटा केन्द्रमा जोडिएका हुन्छन्- उहाँ येशू खीष्ट हुनुहुन्छ, तिनीहरू सबैको भन्नु एउटै हुन्छ र भन्न सक्दछन् हल्लेलुयाह ! र तिनीहरू सबैले एक हृदय र आवाजले जवाफ दिन सक्छन्- आमेन, आमेन !

यो एउटा मण्डली हो जुन पृथ्वीका कुनै सेवकहरूको अधीनमा हुँदैन यद्यपि यसले आफ्ना सदस्यहरूलाई सुसमाचार प्रचार गर्न उत्साह र महत्व दिन्छ । यसको केवल एक मात्र महान् शिर, एक गोठाले, एक मुख्य विशप हुन्छ, उहाँ खीष्ट येशू हुनुहुन्छ । उहाँले एक्लै, उहाँको आत्माद्वारा त्यो मण्डलीका सदस्यहरूलाई स्वीकार गर्नुहुन्छ । यद्यपि सेवकहरूले ढोका देखाउन सक्छन् । उहाँले ढोका नखोलेसम्म पृथ्वीको कुनै पनि मानिसले यसलाई खोल्न सक्दैन । न विशपहरू, न एल्डरहरू, न कुनै महासभा, न त्यो भन्दा उच्च महासभाहरू कसैले पनि त्यो ढोकालाई खोल्न सक्दैनन् । एकपटक मानिसले पश्चाताप गरेर सुसमाचारमा विश्वास गरोस् र त्यही क्षणमा ऊ मण्डलीको भन्दछ र ठूलो देहमा समावेश हुन्छ ।

यो एउटा यस्तो समूह (चर्च) हो जसको अस्तित्व कुनै फाराम, समारोह, गिर्जाघर, चर्च, सभा, पोडियम, फन्ट पद, अंग, विधि, पैसा, राजा, सरकार, महासभा वा कुनै कार्यमा निर्भर गर्दैन । मण्डली जीवित छ र रहन्छ र यी सबै चिजहरू यसबाट लिइएका हुन्छन् । मण्डली प्रायः उजाडस्थानबाट वा पृथ्वीका गुफाहरूबाट, सटावटबाट गुज्रिरहने साथीहरू संगठन मण्डली हो । यसको अस्तित्व अरू कुनै कुरामा निर्भर गर्दैन । खीष्ट र उहाँको आत्माको उपस्थितिमा यो निर्भर हुन्छ । मण्डलीमा

सधैँ यी कुराहरू साथसाथै हुने भएकाले मण्डली भने कहिल्यै पनि सक्दैन ।

मण्डली त्यो हो जसमा वर्तमान सम्मान र विशेषाधिकारको धर्मशास्त्रीय प्रमाण र भविष्यको लागि महिमाका प्रतिज्ञाहरू समावेश गरिएको छ । यो खीष्टको देह हो, यो खीष्टको बगाल हो, यो, विश्वासको घर र परमेश्वरको परिवार हो । यसलाई परमेश्वरको भवन भनिन्छ, यो एउटा मन्दिर हो जसको जग परमेश्वर हुनुहुन्छ अनि यो पवित्र आत्मा बास गर्ने शुद्ध मन्दिर हो । मण्डली पहिलो वा नयाँ गरी जन्मेकाहरूको समूह हो, जसको नाम स्वर्गमा लेखिएको छ । यसलाई राजकीय पूजाहारी, चुनिएको पुस्ता, विचित्रका मानिसहरू, तिनिएका सम्पत्तिहरू, परमेश्वरको वासस्थान, संसारको ज्योति, नुन र बिउ, यस्ता धेरै विशिष्ट नामहरू भएको विश्वव्यापी पवित्र मण्डली हो । यसलाई प्रेरितहरूको शिक्षामा विश्वास गर्ने मण्डली मानिन्छ । Nicene (नाइसियन) मा भएको प्रेरितहरूको विश्वासको सारमा विश्वास गर्ने मण्डली जसलाई हाम्रो प्रभु येशू खीष्टले प्रतिज्ञा गर्नुभएको थियो कि "नरकका फरकहरू यहाँ बिजन हुन पाउने छैनन् र उहाँले यसो भन्नुहुन्छ, म संसारको अन्तसम्म पनि तिमीहरूको साथमा छु ।" (मत्ती १६:१८, २८:२०)

यो एकमात्र मण्डली हो जहाँ साँचो एकता छ । यसका सदस्यहरू धर्मका सबै महत्वपूर्ण मामलाहरूमा पूर्णरूपमा सहमत हुन्छन्, किनकि तिनीहरू सबैभन्दा एउटै आत्माद्वारा सिकाइएका हुन्छन् । खीष्ट, पवित्र आत्मा, पाप, तिनीहरूको आफ्नै हृदय, विश्वास, पश्चाताप, पवित्रताको आवश्यकता, बाइबलको मूल्य र मान्यता, प्रार्थनाको महत्व, आउनेवाला पुनरुत्थान र न्याय, यी सबै विषयमा तिनीहरू एकतामा सहमत हुन्छु र एउटै कुरा सिक्छन्-सिकाउँछन् । पृथ्वीको जुनसुकै कुनामा रहेका भए तापनि यी माथिका विषयहरूमा तिनीहरूको समान धारणा हुन्छ ।

यो मण्डली पवित्रताको बारेमा सिकाइन्छ र प्रयोगमा ल्याइन्छ । वास्तवमा यसका सदस्यहरू सबै पवित्र हुन्छन् । तिनीहरू आफ्नो पेशाले मात्र पवित्र छैनन्, नाममा मात्र होइन सामाजिक काममै, तिनीहरूको क्रियाकलापमा नै तिनीहरू पवित्र हुन्छन्, तिनीहरूको वास्तविकता र जीवनमा तिनीहरू पवित्र हुन्छन् । कुनै पनि अपवित्र मानिस मण्डलीको सदस्य हुन सक्दैन ।

यो साँचो रूपमा विश्वव्यापी मण्डली हो । मण्डली कुनै एक राष्ट्र वा जाति समुदायको हुँदैन । यसका सदस्यहरू संसारको हरेक भागमा फेला पार्न सकिन्छ, जहाँ सुसमाचारमा विश्वास गरिन्छ र खीष्टलाई ग्रहण गरिन्छ । मण्डली कुनै देशको सीमामा सीमित हुँदैन, वा कुनै विशेष रूप वा बाहिरी सरकारको फिक्काभित्र पसेको छैन । यसका सदस्यहरू पूर्वपश्चिम, उत्तर र दक्षिणबाट भेला भएका हुनेछन् । तिनीहरू हरेक भाषा र नामका भए तापनि खीष्ट येशूको नाउँमा विश्वव्यापी रूपमै एक हुनेछन् ।

संसारमा एउटै मात्र चच छ, जुन प्रेरितीय हो । यो मण्डली प्रेरितहरूको विश्वासको सारमा स्थापना भएको हुन्छ र तिनीहरूले प्रचार गरे सिद्धान्त यसले पक्रिराख्छ । यसका सदस्यहरूको दुईवटा महत्वपूर्ण लक्ष्यहरू हुन्छन् । पहिलो प्रेरितीय विश्वास र दोस्रो प्रेरितीय अभ्यास । यी दुई सिद्धान्तहरूलाई नपछ्याउने मानिसहरूलाई काँसको भाँडाले निकालेको आवाजजस्तै हो जसको मूल्य नै छैन भन्दछन् ।

त्यस्तो मण्डली साँचो मण्डली हो जुन अन्तको दिनसम्म स्थिर बस्दछ । कुनै पनि कुराले यो मण्डलीलाई उल्टाउन वा नास पार्न सक्दैन । यसका सदस्यहरूलाई सताउन, उत्पीडन गर्न, कैद गर्न, पिट्न, टाउको काट्न, जलाउन पनि सकिएला तर साँचो मण्डली कहिल्यै पनि यस्ता कुराहरूबाट डराउँदैन र निभ्दैन । मण्डली कष्टबाट फेरि उठ्दछ, आगो र पानीबाट भएर जाँदा पनि यो सुरक्षित रहन्छ । साँचो मण्डली एक ठाउँमा चकनाचुर भयो भने अर्को ठाउँमा उब्जिन्छ । फारोहरूले, हेरोदहरूले, तेरोले र अरू शासकहरूले यसलाई निर्मूल पार्न खोजको हुन् तर तिनीहरूको

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

परिश्रम व्यर्थै भएको छ । तिनीहरूले हजारौँ विश्वासीहरूलाई मारेका थिए र देशै निकाला गरे तापनि परमेश्वरको साँचो मण्डली जीवित रहेको छ, रहन्छ । मण्डलीले धेरै हतौडाहरू भाँचेको छ र अझै भाँच्नेछ, धेरै आराहरू र खुकुरी, तरबारहरू रगतले भरिएका छन् र भरिँदै जानेछन् तर साँचो मण्डली झाडी जलेझैं जलिरहेको छ र जलिरहने छ, निभ्ने छैन ।

साँचो मण्डली त्यो हो जसले यस पृथ्वीमा खीष्टको काम गर्दछ । सदस्यहरू थोरै बगालहरू जस्तै हुन्, संख्यामा पनि कम छन् । एक दुई जना यात, एक दुईजना त्यतातिर छरिएका छन् । कोही कता त कोही कता छन् । जे जति भए तापनि जस्तै नै भए तापनि संसारलाई हल्लाउने यिनीहरू नै हुन् । यी साधारण मानिसको प्रार्थनाले संसारको इतिहास नै परिवर्तन गरिदिन्छन् । शुद्ध र अविछिन्न धर्मको ज्ञान फैलाउने सक्रिय सदस्यहरू यिनै मानिसहरू हुन् । यी मानिसहरू देशको प्राण ढाल, रक्षा हुन् जसले आफ्नो राष्ट्रलाई सधैँ समर्थन गर्दछन् ।

साँचो मण्डली अन्तसम्मै महिमित रहनेछ । जब सबै संसारका महिमाहरू बितेर जानेछन् तर प्रतापी साँचो मण्डलीलाई पिताको सामुन्ने प्रस्तुत गरिनेछ । त्यो मण्डली दागरहित भेटिनेछ ।

यस पृथ्वीमा भएका शक्तिहरू, सिंहासनहरू, इज्जत र प्रतिष्ठाहरू, पदहरू, संगठनहरू खतम हुनेछन् तर मण्डली अन्तसम्मै उज्वल ताराहरूजस्तै अडिग हुनेछ । त्यो दिन खीष्टको उपस्थितिको दिन हुनेछ । (J.C. Ryle एकजना इभान्जलिकल एङलिकन पादरी तथा लेखक हुनुहुन्थ्यो ।)

परमेश्वरसँग बिहानको समय
(The Morning Hour with God)

– Andrew Murray (1828 – 1917)

आज म यहाँहरूलाई अलि बिहानै उठ्नको लागि उत्साह दिन्छ । तपाईं बिहान उठेर पहिलो काम के गर्नुहुन्छ ? दैनिक क्रियाकलाप होला हैन र ? ठिकै छ । हाम्रो एउटा भनाइ छ बिहानीले दिउँसोलाई देखाउँछ । हामीले हरेक दिन बिहान परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने बानी पानु पर्दछ । उहाँले अनुग्रहलाई बिहानै थाहा भयो हाम्रो दिनभरिको समय एकदमै उहाँको नियन्त्रणमा हुन्छ । उहाँको दया हाम्रो जीवनमा कस्तो छ र हाम्रो गन्तव्य के हो त्यो कुरा पनि हामीले थाहा पाउन सक्दछौँ । उहाँ कति कृपालु हुनुहुन्छ, के तपाईंले थाहा पाउनु भएको छ ? हो, हामीले उहाँलाई बिहानै चिन्नुपर्छ । बिहानै हामीले हाम्रो जीवन परमेश्वरलाई दियौँ भने दिनभरि हामी सुरक्षित हुन्छौँ । कतिपटक तपाईंलाई प्रश्न आउन सक्छ यो संसारको भिडबाट मैले आफैँलाई कसरी सुरक्षित राख्न सक्छु । उत्तर सजिलो छ, परमेश्वरमा परेर नै हो । जब हामी बिहानै उहाँलाई प्रशंसा गर्दछौँ, हाम्रो जीवनमा उहाँको आनन्द आउँछ र उहाँसँगको सम्बन्ध नवीकरण हुन्छ । आज्ञाकारिताको जीवनले मात्र कतिपटक हामीलाई ताजा जोस नआउन सक्छ तर आज्ञाकारिताले शक्तिबाट शक्तितिर हाम्रो जीवन अनुभव गराउँछ ।

प्रेरक सिद्धान्त

यदि हामीले बिहानको समयलाई एउटा परमेश्वरसाग बिताउने समय हो भनी गम्भीर रूपमा नै लियौँ भने यो हाम्रो निम्ति बोझको रूपमा आउने छ । त्यसपछि, त्यसको मुख्य उद्देश्य, हामीमात्र खुसी हुनु र सुरक्षित हुनु हो भने अलि कुरा मिल्दैन परमेश्वरको कृपाको कारणले हामीसँग सम्बन्धित सबैलाई उहाँले काम गर्न चाहनुहुन्छ । तपाईंलाई दिनभरि भेट्न मानिसहरू पनि आशिषित हुनुपर्दछ यो अलि गम्भीर रहस्यको कुरा हो । आज तपाईंको कारणले सम्पूर्ण सङ्गतमा आउनेहरू सुरक्षित र खुसी हुनुपर्दछ, सरी समाज र देश ।

त्यसैको लागि हामी परमेश्वरको प्रतिरूपमा सिर्जना गरिएका हौँ । यो त्यही आशा हो जसमा हामी अनन्त जीवन पनि बिताउने ठूलो आशा गर्दछौँ । हामी एक्लै पनि सत्य र र साँचो रूपमा आशिषको जीवन यस पृथ्वीमा र अनन्ततामा बिताउन सक्दछौँ । परमेश्वरका धेरै कुराहरू प्राप्त गर्नका लागि उहाँको शक्ति हाम्रो जीवनमा सञ्चार छन् । उहाँको जीवनले भरिपूर्ण हुन र उहाँको प्रेमलाई साँचो रूपमा थाहा पाउनको लागि उहाँले हामीलाई भित्री कोठाभित्र बोलाउनु हुन्छ र उहाँ हामीसँग सङ्गति गर्न चाहनुहुन्छ ।

कोठाभित्र एक्लै बसेर परमेश्वरसाग समय बिताउँदा हाम्रो दुईवटै कुराहरू आत्मिक रूपमा बलियो र हाम्रो जीवनको परीक्षण पनि हुन्छ । वास्तवमा परमेश्वरसँग बिताएको त्यो समय रणभूमिजस्तै हो जहाँ परमेश्वरसाग मनका सबै कुराहरू भन्न र उहाँको इच्छा हाम्रो जीवनका के छ पत्ता लगाउन सकिन्छ । हामी त्यो ठाउँमा

विजय प्राप्त गर्‍यौं भने परमेश्वरको अँगालोमा भएको महसुस गनेछौं । त्यस्तो भयो भने तपाईंको दिनभरिको समय सुरक्षित हुन्छ । यो भित्री कोठाले तपाईं परमेश्वरको कत्तिको नजिक हुनुहुन्छ त्यो कुरा पनि प्रमाणित गर्दछ । यसरी हामी उहाँलाई प्रसन्न पार्न सक्दछौं । भित्री कोठा नै तपाईंले परमेश्वरलाई र परमेश्वरले तपाईंलाई प्रेम प्रदर्शन गर्ने कोठा हो । त्यो नै साँचो प्रेमको लक्ष्य हो ।

परमेश्वरको साँचो उपस्थिति हाम्रो जीवनको मुख्य कुरा हो जुन आराधनाबाट प्राप्त गर्न सकिन्छ । हामीले हाम्रो सम्पूर्ण जीवन उहाँको पवित्र इच्छामा छाड्नु पर्दछ । हामीसँग भएको थाहा पायौं भने त्यो उहाँको उपस्थिति अरू मानिसहरूलाई पनि दिन सकिन्छ । त्यही प्रेम जुन हामीले परमेश्वरबाट महसुस गर्‍यो अरूलाई पनि दिन सकिन्छ । उहाँले आफ्नो हात हामीमाथि राख्नुभएको अब हामीलाई महसुस हुन्छ र हामीलाई उहाँले आशीर्वाद दिनुभएको महसुस हुन्छ । अब उहाँले मधुर स्वरमा भन्नुहुन्छ, "प्रिय तिमी अब मेरो उपस्थितिमा जाऊ ।" बिहानको समयमा जब हामी यस्तो गर्दछौं दिनदिनै हामी उहाँसँग भेट्न लालसा गर्ने बानी पर्दछौं ।

बाइबल पढ्नु

परमेश्वरको वचन पढ्नु पर्दछ र यसको महत्वको विषयमा मसँग भन्नुपर्ने कुराहरू छन्, एकभन्दा धेरै कुराहरू त्यसमध्ये हामी यी कुराहरूलाई हेर्रौं-

१. हामीले बुझ्नुपर्ने सबैभन्दा पहिलो र महत्वपूर्ण कुरा के भने यदि हामी परमेश्वरको वचन पढ्नको लागि सचेत भएनौं र अन्यत्र नै ध्यान दियौं भने हाम्रो ध्यान परमेश्वरतिर होइन अन्यत्र नै लैजान सक्दछ । परमेश्वरको वचन पढ्दा कतिपटक रमाइलो र हाँसोलाग्दो हुन्छ भने कतिपटक यसलाई बुझ्न एकदमै गाह्रो पनि हुन्छ किनभने उहाँको वचन ज्ञानले बुझ्न नसकिने कुरा पनि हो । हामीले ध्यान दिएर परमेश्वरको वचन पढ्नु पर्दछ । हामीलाई परमेश्वरतिर नलैजाने सम्पूर्ण भावुकताबाट पनि टाढा रहनुपर्दछ । वचन पढ्दा हामीलाई उहाँलाई पर्खन, उहाँको महिमा गर्नु, उहाँको अनुग्रह र शक्ति प्राप्त गर्न सकिने सम्पूर्ण कुराबाट हामी टाढा रहनु पर्दछ ।

२. दोस्रो कुरा के भने हामी आफ्नो शक्तिले उहाँको वचनलाई बुझ्न सक्दैनौं, त्यसैले पवित्र आत्माको शक्तिमा भर पर्नुपर्ने हुन्छ । यो मानिसको वचन होइन परमेश्वरको हो । परमेश्वरको कुरा बुझ्न परमेश्वरकै आत्माको आवश्यकता पर्दछ भन्ने कुरा राम्रोसँग बुझ्नु पर्दछ । परमेश्वरले के भन्न खोज्नुभएको हो भनेर बुझ्न पवित्र आत्माको शिक्षा हाम्रो लागि आवश्यक छ । त्यसो गर्दा मात्र उहाँको वचन हाम्रो हृदयको भित्रपट्टि प्रवेश गर्दछ । हाम्रो स्वर्गमा हुनुहुने पिता, जसले हामीलाई स्वर्गबाट उहाँको वचन बुझ्ने शक्ति दिनुभएको छ । परमेश्वरले हामीलाई निहुरिएर नम्र भएको चाहनुहुन्छ, सिक्ने हृदयको भित्रपट्टि छिराउन सहयोग गर्नुहुनेछ ।

उहाँले हामीलाई पवित्र आत्माले अगुवाइ गरेको चाहनुहुन्छ । र, उहाँ सँगसँगै हिँडेको चाहनुहुन्छ । त्यसकारणले सम्झनुहोस्, पवित्र आत्माले अगुवाइ हाम्रो जीवनमा कति महत्वपूर्ण रहेछ । यतिबेला हामी इमानदार भएर उहाँको उपस्थितिमा बस्नु पर्दछ । कुनै नयाँ विचार र अवसथमा होइन तर पवित्र आत्माको शक्तिले हाम्रो हृदयमा भित्र छिराउँछ । तपाईंको कोठा सिक्ने ठाउँ हुन सकोस्, तपाईंको बिहानको समय उहाँसँगको साँचो आवाज सुन्ने ठाउँ हुनसकोस् । पवित्र आत्माको शिक्षामा समर्पणको सम्बन्ध परमेश्वरमा प्रमाणित हुन्छ ।

३. म तेस्रो टिप्पणी के गर्न चाहन्छु भने, परमेश्वरको वचनलाई पालन गर्नको लागि कहिल्यै पनि शङ्काको दृष्टिकोणले. नपढ्नुहोस्, आज्ञाकारिता यहाँनेर अति नै महत्वपूर्ण हुन्छ । तपाईंलाई थाहै होला येशू र उहाँका चेलाहरूले वचन सुन्नु र त्यसलाई जीवनमा प्रयोग नगर्नुको विषयमा कति धेरै बोलेका छन् । यदि तपाईं आफूलाई आज्ञाकारिता र उद्देश्यविना बाइबल अध्ययन गर्ने बानी बसाल्नुभयो भने, तपाईं त्यतैतिर सजिलै फस्दै जानुहुन्छ । अनाज्ञाकारितासाथ परमेश्वरको वचन कहिल्यै पनि पढ्नु हुँदैन । आफैंलाई धोका दिएर अरू पुस्तक पढेजस्तो गरी बाइबल पढ्नु हुँदैन । प्रभु यो खण्डबाट तपाईं मसँग के भन्न चाहनुहुन्छ र मैले कुन कुरा सिक्नु र प्रयोगमा ल्याउनु पर्ने हो भनी भित्री इच्छा राख्नुहोस्। परमेश्वरले आफ्नो वचन हाम्रो लागि उहाँले हामीलाई के गरेको चाहनुहुन्छ र, हाम्रो जीवनमा उहाँले कस्तो प्रकारको अनुग्रह दिन चाहनुहुन्छ भन्न लागि उहाँको वचन हाम्रो हातमा दिनुभएको हो । वचन पालन नगर्ने तर सुन्ने र पढ्ने मात्र गर्न खोज्नु कति दुःखको कुरा हो । परमेश्वरलाई भित्रीरूपमा प्रभु ! मलाई जे थाहा छ त्यो तपाईंबाट हो र त्यसलाई म जीवनमा पालन गर्न चाहन्छु । हरेक पढाइ आज्ञाकारितामा हुन सकोस् ।

इच्छा जान्नको लागि तपाईंको पनि इच्छा हुनुपर्‍यो नि ! त्यसैले गहिरो इच्छा प्रकट गरी परमेश्वरको वचन पढ्नुहोस् । कुनै कठिन र गाह्रा चित्रहरू आए भने वा आए भने वा अप्ठ्यारा कुरा बुझ्नको लागि तपाईंलाई जहिले पनि उत्साह दिन्छ त्यो कुराबाट तपाईं बाहिर जानु हुँदैन । परमेश्वरको वचनले भन्दछ, "यसैकारण हामीले त्यो सुतेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोडेका छैनौं ।" (कलस्सी १ : ९) यो काम गोप्य कोठामा होस् भन्ने अर्थ हो । याद गर्नुहोस् यो कार्य तब मात्र हुन्छ जब तपाईंलाई थाहा हुन्छ कि परमेश्वरले तपाईंलाई यो काम गर्न भन्नुभउको छ र त्यो काम तपाईंलाई शक्ति दिनुहुनेछ । यो काम जब हामीले बुझ्ने प्रयास गर्‍यौं भने उहाँले हामीलाई बेलाबेलामा नयाँ नयाँ प्रकाशहरू थप्दै जानुहुनेछ । अनि तपाईं परिपक्व बन्दै जानु हुनेछ ।

बिहानको समयमा परमेश्वरको वचन पढ्ने इच्छा गर्ने व्यक्तिलाई उहाँको कस्तो महान् शक्ति प्रदान गर्नुहुनेछ । यो कार्य हाम्रो पूर्ण समर्पणलाई नयाँ बनाउनु हो । जसले धैर्यतापूर्वक पवित्र आत्माको भरिपुरीमा रहेर गर्न सकिन्छ । उहाँले दिनुभएका हरेक प्रतिज्ञाहरू अचम्मलाग्दा छन् जसलाई प्रयोगमा ल्याउनाले हाम्रो जीवन परिपक्व हुन्छ र हाम्रो जीवनमा परमेश्वरको इच्छा के छ त्यो कुरा बुझ्न एकदमै मद्दत हुनेछ । परमेश्वर आफ्नो वचनमा पक्का हुनुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ ? उहाँले तपाईंलाई दिइएको वचन तपाईंले प्रयोगमा ल्याएको उहाँ चाहनुहुन्छ ।

प्रार्थना

बिहानीको समयमा प्रार्थना गर्दा कस्तो प्रकारले गर्नुपर्छ भन्ने विषयमा म केही विचारहरू यहाँ राख्न चाहन्छु ।

१. **सबैभन्दा पहिलो:-** प्रार्थनामार्फत तपाईंले परमेश्वरको अहिलेको अवस्थामा तपाईंलाई हेरिरहनुभएको छ र उहाँ तपाईंद्वारा काम गरिरहनुभएको छ भन्ने कुरा निश्चित हुनुहोस् । तपाईंको इच्छा, उहाँको पवित्रता, ले हामीलाई ढाक्नुहुनेछ र बिहानको समयमा उहाँले हामीलाई यी कुराहरू देखाउनु हुनेछ । स्वर्गको मुनि यी कुराहरू अरू कुनै कुराबाट प्राप्त गर्न सक्दैनौं । एउटै कुरा परमेश्वरसँगको सामिप्यताले मात्र प्राप्त गर्न सकिन्छ । बिहानको घडीभन्दा यो अनुभव गर्नको लागि उपयुक्त ठाउँ हो । हाम्रो आत्मिक जीवन परमेश्वरको सामिप्यताले र उहाँसँगको सम्पर्कबाट आउँदछ । यदि यो सत्य कुरा हो भने यो परमेश्वरबाट मात्र आउँदछ । परमेश्वर, प्रेम, खुसी, आनन्द, शान्ति हुनुभएकाले उहाँको सम्बन्धले मात्र उहाँको हुनुहुन्छ भनी हामी बुझ्न सक्दछौं । उहाँसँगको सङ्गतले हामीलाई ठूलो उत्साह मिल्दछ, र हामीले महान् खुसी प्राप्त गर्न सक्दछौं । यो सम्पूर्ण कुरा बिहानको प्राप्तविना प्राप्त गर्न सकिँदैन ।

२. **दोस्रो:** तपाईंको बिहानको बलिदानले तपाईंको दिउँसोको जीवन पूर्ण आज्ञाकारितामा बित्न सक्दछ । हरेक पापको स्वीकार निश्चित गर्नुहोस्, परमेश्वरलाई दुःखी तुल्याउने जस्तोसुकै कुराहरूबाट पनि तपाईं जोगिनु पर्दछ । परमेश्वरसँग पवित्र हिँडाइ निश्चित गर्नुहोस् । तपाईंलाई आवश्यक पर्ने हरेक कुरा परमेश्वरसँग माग्नुहोस् र अनावश्यक कुराहरू छाड्न शक्ति पनि परमेश्वरसँगै बिहान भन्नुहोस् । तपाईंले बिहान प्रार्थनामा बिताएको समयले तपाईं दिनभरि परमेश्वरको सिद्धान्तमा तपाईं हिँड्न सक्नु हुनेछ ।

प्रार्थनाबाहेक अरू कुनै कुराले पनि परमेश्वरसँग गहिरो सम्बन्ध कायम गर्न सकिँदैन भन्ने कुरा निश्चित हुनुहोस् ।

प्रार्थनाद्वारा तपाईंले केही माग्नु हुनेछ त्योभन्दा बढ्ता तपाईंले आफैंलाई खोल्नु हुनेछ । किनभने परमेश्वरले आफ्नो अनुग्रह अझै देखाउन चाहनुहुन्छ । यसरी उहाँले तपाईंको इच्छाहरूलाई उहाँका इच्छाहरूसँग मिलाउनु हुनेछ । यसले तपाईंको जीवनलाई निश्चिततातिर लैजान्छ अब तपाईं ढुक्क हुनुहुनेछ । बिहानको बलिदानको समयले परमेश्वरलाई चिन्नु र गर्नुतिर तपाईंलाई लैजान्छ । बिहानै तपाईंले परमेश्वरलाई जिउँदो जलेको बलि चढाउनु हुनेछ । परमेश्वरको वेदीमा आफैंलाई पूर्ण होमबलिको रूपमा राखेर पूर्ण आज्ञाकारितामा आत्मसमर्पणको नाप परमेश्वरप्रतिको विश्वासको नाप हुनेछ ।

३. **तेस्रो** : यो कुरा तपाईंले याद गर्नुहोस् कि साँचो प्रार्थना र परमेश्वरसँग सङ्गति सबै एकतर्फबाट हुन सक्दैन । परमेश्वरले हामीसँग के कुरा बोल्नु हुन्छ सुन्न पनि उत्तिकै आवश्यक छ । हाम्रो हृदयको भित्री भागमा हामीसँग पिता एकदमै खुसी हुनुहुन्छ भन्ने कुरा उहाँले हामीलाई निश्चित पार्नुहुन्छ । हामीले गरेका सबै अन्तरबिन्तीहरू पिताकहाँ पवित्र आत्माले पुर्‍याउनुहुन्छ र उहाँले हामीलाई दिनुभएको मार्गनिर्देशन के छ त्यो हामीले त्यसरी नै सुन्नुपर्दछ । उहाँको आवाज सुन्ने हृदय शान्त हृदय हो, त्यो शान्त विश्वास, शान्त विचार, शून्यतामा परमेश्वर हामीहरूसँग सिधै मधुर स्वरमा बोल्नुहुन्छ ।

परमेश्वरको वचनमा मनन
(Meditating on God's Word)

By Charles H. Spurgeon

Jan-Feb 2022

तपाईंका आदेशहरूमाथि म मनन गर्छु, र तपाईंका शिक्षामा म ध्यान दिनेछु।" (भजनसंग्रह ११९ : १५)

आज म पुरानै विषयमा तर अलि फरक प्रकारको विचार लिएर आएको छु, हुन त यो विषयमा यहाँहरूले धेरै नै पढ्नु भएको छ । कहिलेकाहीँ समाजभन्दा एकान्त राम्रो हुन्छ, र मौनता बोली भन्दा बुद्धिमानी हुन्छ । हामी धेरैपटक एक्लै भएको बेलामा असल विश्वासी हुन सक्दछौँ । अघिल्लो वर्ष विभिन्न प्रकारले हामी समस्यामा पर्‍यौँ तर पनि एक्लै बसेर परमेश्वर खोजिरह्यौँ र उहाँको सेवामा लागि रह्यौँ । हो, हाम्रो उहाँको वचनमा मनन गरेर अझै असल विश्वासी हुन सकिन्छ भन्ने ज्वलन्त उदाहरण अघिल्लो वर्ष हुन गयो ।

सत्यताले जहिले पनि दाखको बोट नजिक ल्याउँछ । यदि त्यो बोटबाट साँचो फल फलेको छ भने राम्रो हुन्छ । तर त्यो हाँगाले फल फलाउन सकेन भने त्यसलाई ढाँट्नु पर्दछ । राम्रोसँग छाँट्न सक्ने हो भने केही रस अवश्य आउँछ । बिग्रिएको वा सडेको अंगुरलाई एकातिर र राम्रोलाई अर्कोतिर छुट्याउने काम फल फलिसकेपछि हुन्छ । त्यस्तै जब हामीले साँचो प्रकारले परमेश्वरको वचनमा मनन गर्दछौँ असल र खराब कुराहरू छुट्टयाउन सकिन्छ । धेरै विश्वासीहरूको आत्मिक जीवन वृद्धि नहुने कारण साँचो दाखको बोटमा नटाँसिनु र असल र खराब बीउलाई छुट्याउन नसक्नु हो । राम्रो बीउलाई छुट्याउन सक्ने हो भने र निचार्ने हो भने पक्कै पनि राम्रोसँग रस आउँछ ।

हामीले मुखमा खाना लियौँ भनेमात्र यसले शरीरको लागि काम गर्दैन, मांशपेशीमा तागत दिनु हो भने खानालाई राम्रोसँग चपाएर निल्नु पर्दछ । यो सामान्य प्रक्रिया हो । किनभने खानाको शरीरका लागि भित्री तन्तुहरूसँग सम्बन्ध हुन्छ त्यसैले हामी भोक लाग्छ अनि खान्छौँ र तागक प्राप्त गर्दछौँ । त्यसैगरी हाम्रो आत्मालाई स्वस्थ राख्ने हो बलियो बनाउने हो भने वचन सुनेर मात्र पुग्दैन । हो, त्यसलाई सुन्नु, पढ्नु, चिन्ह लगाउनु र सिक्नु पर्दछ । यो प्रक्रियाले वचनलाई राम्रोसँग पचाउन सहयोग दिन्छ । हो, त्यसरी हाम्रो शरीरलाई चाहिने आत्मिक खुराकलाई ठिक प्रकारले प्रयोग गर्नु पर्दछ त्यो प्रक्रिया उहाँको वचनमा ध्यान दिएर वा मनन गरेर मात्र हुन्छ ।

आज हाम्रो बिचमा एउटा प्रश्न उठिरहेको छ, किन धेरै विश्वासीहरू मण्डली गए तापनि उनीहरूको आत्मिक परिपक्वता हुँदैन । उत्तर स्पष्ट छ कि तिनीहरूले परमेश्वरको वचन सुनेका हुन्छन् तर त्यसमा मनन गरेका हुँदैनन् । त्यस्तै मुखमा खाना राखेको तर नचपाएको जस्तो । कसै कसै सुन्दा सुन्दा धेरै प्रश्न सुन्दा एकदमै ढिलो परिवर्तन हुन्छ । किनभने मण्डलीमा सुनेर मात्र हाम्रो जीवन परिवर्तन हुँदैन त्यसलाई घरमा गएर घुँडा टकेर मनन गर्नुपर्दछ भन्ने तिनीहरूले बुझेका हुँदैनन् । परमेश्वरले दिनुभएको वचनलाई राम्रोसँग

४. चौथो र सबैभन्दा महत्वपूर्ण कुरा के भने, अरूको तर्फबाट तपाईंको बिहानको प्रार्थना मध्यस्थताको रूपमा होस् । हाम्रा प्रभु येशू ख्रीष्टले पनि परमेश्वर पिताको अधिनमा रही पितासँग हाम्रो निम्ति मध्यस्थताको प्रार्थना गर्नुभयो । येशूले गर्नुभएका प्रार्थनाहरू अरूको निम्ति थियो । प्रार्थनाको उच्चरूप मध्यस्थता हो । परमेश्वरले अब्राहमलाई, याकूबलाई र हामीलाई सारा संसारको लागि आशिषित हुनको लागि छान्नुभयो । हामी राजकीय पूजाहारीहरू हौँ- एक पूजाहारी जाति । प्रार्थना जब आफ्नो व्यक्तिगत विकासको लागि र खुसीको लागि मात्र हुन्छ भने हामीले प्रार्थनाको बारेमा धेरै कुराहरू जानकार हुँदैनौँ र उहाँको शक्ति पनि थाहा हुँदैन ।

साँचो मध्यस्थताको प्रार्थना हाम्रा वरिपरि हृदयदेखि नै चाहना गर्ने मानिसहरूका लागि होस् । तपाईंको प्रार्थना तिनीहरूको पाप क्षमाले भरिएको र बोझिलो होस् । प्रार्थना गर्दा परमेश्वरको राज्य विस्तार हुन सकोस् भनी प्रार्थना गर्नुहोस् । यस्ता मध्यस्थताको प्रार्थना गर्न तपाईंको बिहानीको समय छुट्टिएको होस् । परमेश्वले आफ्ना सन्तानहरूलाई अद्भुत स्वर्गीय रूपमा अलौकिक जीवन जिउन बोलाउनु भएको छ । हरेक दिन तपाईंको निम्ति स्वर्गको ढोका खुला होस् जहाँबाट तपाईंलाई स्वर्गीय प्रकाशले ढाक्नेछ र दिनभरिको लागि अगुवाइ गर्नेछ । दिनभरिको लागि तपाईंको शक्ति र प्रकाश प्राप्त हुनेछ । ("Learning Obedience" शीर्षकबाट पास्टरहरूको बिचमा Andrew Murray ले प्रचार गरेको वचन - सारांशमा)

मनन गर्नु अति आवश्यक कुरा हो । आजकल फास्टफुडको जमाना छ, तुरुन्त खान मानिसहरूलाई मन पर्दछ त्यसले स्वास्थ्यलाई हानि नै गऱ्यो भने पनि उनीहरूलाई मतलब नै छैन । पैसा दियो, तुरुन्त खायो । तर सामानहरू घरमा लगेर आपैँ पकाएर खायो भने स्वास्थ्यलाई राम्रो गर्छ, शरीरमा शक्ति पैदा हुन्छ । यो कुरा हाम्रो आत्मिक जीवनमा पनि लागू हुन्छ । म यहाँ अर्को उदाहरण दिन चाहन्छु । आजकल मानिसहरूले गहुँ मन पराउँछन् तर त्यसलाई पिँध्न मन पराउँदैनन् र गेडै खान्छन् । गहुँ पिसेर, पकाएर खानु पर्नेमा गेडै खायो भने कस्तो होला विचार गरौँ त ! अझ कति मानिसहरूले खेतमा जानै मन पराउँदैन । खेत मन नपराउनेले रोटी खान सक्दैन, यो भनाइ यहाँ समय सान्दर्भिक हुन्छ ।

फल रुखमा झुन्डिन्छ, तर त्यसलाई टिपेर ल्याउन सकिएन भने के हुन्छ ? त्यो फलले लागत दिन्छ त ? अवश्य दिँदैन त्यसलाई टिप्नुपर्छ, सफा गर्नुपर्छ, पकाउनु पर्छ अनिमात्र खानयोग्य हुन्छ । काम गर्दै जाँदा हिलो लाग्छ, खुट्टाभरि पानी पर्दछ, त्यो सहनु पर्दछ । पानी खुट्टाबाट बगेर गए त्यति झुकेर पिउन घोप्टो नपर्ने हो भने कसरी तिर्खा मेटिएला ? हो आजकलका विश्वासीहरूको खुट्टाखुट्टामा पानी बगेको छ तर निहुरिएर पिउन मन परेकाले उनीहरूको तिर्खा मेटिएको छैन । प्रभु ! हाम्रो मूर्खताबाट हामीलाई बचाउनुहोस् । मेरो यो सङ्कल्प भयो म तपाईंको वचनलाई मनन गर्दछु । (चार्ल्सको 'मनिङ बाइ मर्निङ' लेखबाट लिइएको)

दैनिक बाइबल पढ्नुहोस्

(Read Your Bible Daily)

हामीले दिनदिनै बाइबल पढ्ने बानी पार्नुपर्छ किनभने-

यो परमेश्वरबाट आएको सन्देश हो:-

"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ति दिनलाई सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ ।" (२ तिमो. ३ : १६)

यसको सन्देश सधैँको लागि हो:-

"किनकि, "सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता । घाँस ओइलाउँछ, र फूल झरिहाल्छ, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ ।" अति तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो ।" (१ पत्रुस १ : २४ - २५)

यो धनभन्दा धेरै मूल्यवान् छ:-

"तपाईंको मुखबाट निस्केको व्यवस्था मेरो निम्ति सुन र चाँदीका हजारौँ टुक्राभन्दा मूल्यवान् छ ।" (भजनसङ्ग्रह ११९ : ७२)

यसले तपाईंलाई बुद्धिमान् बनाउँछ:-

"तपाईंका वचनको व्याख्याको ज्योति प्रदान गर्दछ, त्यसले सीधासादा मानिसलाई समझशक्ति दिन्छ" (भजनसङ्ग्रह ११९ : १३०)

तिमी बाल्यकालदेखि पवित्र धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ ।" (२ तिमो. ३:१५) (तिमीलाई बुद्धिमान बनाउँछ)

परमेश्वरको वचनमा तपाईंले पाउनु हुनेछ:-

शान्ति:- तपाईंको व्यवस्थासाग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन । (भजनसङ्ग्रह ११९ : १६५)

आनन्द:- जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट र मेरो हृदयलाई आनन्द दिने कुरा भए ... (यर्मिया १५ : १६)

जीवनको सही दिशा:- तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो । (भजनसङ्ग्रह ११९ : १०५)

मुक्ति: तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस् ।

निश्चितता:- "तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु ।" (१ यूहन्ना ५:१३)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com